# वागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भट्टेडाँडा, ललितपुर

३ नं. प्रदेश, नेपाल

वागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर ३ नं. प्रदेश, नेपाल २०७३

:

पत्र सख्या: ०७६/०७७

मिति : २०७६।०६।२८

चलानी नं-:

**विषय :- माटो विकी सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा वागमती गाउं कार्यपालिकाको मिति : २०७६ ०६ ०७ गतेको निर्णयानुसार गाउं कार्यपालिका कार्यालय भवन निर्माण गर्ने स्थानवाट ईन्जिनियरिङ डिजाइन वमोजिम माटो विकी गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

**शर्तहरु :**

१. सिलवन्दी दरभाउपत्रदाता व्यक्ति भए निजको नागरिकताको फोटोकपी र फर्म वा कम्पनी भए आ.व. ०७४/०७५ को लागि फर्म, कम्पनी नविकरण गरेको प्रमाण, कर चुक्ता र स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपी सिलवन्दी दरभाउपत्र खरिद गर्ने निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

२. यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सिलवन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ भने ८ (आठौं) दिनको १२ बजे सम्म सिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । ८ औं दिनको २:०० बजे सिलवन्दी दरभाउपत्रदाताको रोहवरमा सिलवन्दी दरभाउपत्र खोलिनेछ । सिलवन्दी दरभाउपत्र खोल्ने समयमा सिलवन्दी दरभाउपत्रदाता उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. सिलवन्दी दरभाउपत्र साथ सिलवन्दी दरभाउपत्रदाताले न्यूनतम कवोल अंकको ५ (पांच) प्रतिशतले हुन आउने नगदै धरौटी यस कार्यालयको कुमारी वैंक, वागमती शाखा, ललितपुरको धरौटी खाता नं. ०७९००३४६९४२००००४ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको वाणिज्य वैंकवाट जारी भएको वैंक ग्यारेन्टी समावेश गराउनु पर्नेछ ।

४. ठेक्का अवधि ठेक्का सम्झौता भएको मिति देखि २०७६ मंसिर १५गते सम्म हुनेछ ।

५. स्वीकृत सिलवन्दी दरभाउपत्रदाताले एकमुण्ठ रकम गाउंपालिकामा वुझाई सकेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । यसरी एकमुष्ठ नगदै रकम वुझाएमा कवोल अंकको दश प्रतिशत सम्म छुट दिन सकिनेछ ।

६. रकम असुली सम्वन्धी सम्पूर्ण प्रशासनिक खर्च ठेकेदार आफैंले व्यवस्था गर्नुपर्ने ।

७. ठेक्का स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्वन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

८. रित नपुगेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. यस सूचनामा नपरेका विषयहरु प्रचलित संघ, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछन् ।

**तपसिल :**

| सि.नं. | ठेक्काको नाम | परिमाण (वर्ग फिट) | दर | जम्मा रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउं कार्यपालिका कार्यालय भवन निर्माण गर्ने स्थानवाट ईन्जिनियरिङ डिजाइन वमोजिमको माटो विकी | ७३,२७९.६८ | ९।- | ६,६८,५१७।१२ | |

(ऊ) - प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner